आज मिति २०७५/०४/२७ गते बुद्धभूमी नगरपालिका नगर कार्यपालिकाको बैठक बुद्धभूमी नगरपालिकाका नगरप्रमुख श्री केशव कुमार श्रेष्ठ ज्यूको अध्यक्षतामा नगर कार्यपालिकाका पदाधिकारीसदस्य ज्यूहरू र कर्मचारीहरूको उपस्थितिमा देहायका प्रस्ताव माथि छलफल गरी देहाय बमोजिम निर्णय गरियो ।

## उपस्थिति

| क्र.स. | नाम, थर | पद | ठेगाना | हस्ताक्षर |
|---|---|---|---|---|
| १ | श्री केशव कुमार श्रेष्ठ | प्रमुख | बुद्धभूमी न.पा. १ | |
| २ | श्री मिरा थारू | उपप्रमुख | बुद्धभूमी न.पा. २ | |
| ३ | श्री तेजबहादुर बस्नेत | वडा अध्यक्ष | बुद्धभूमी न.पा. १ | |
| ४ | श्री भेषराज शर्मा | वडा अध्यक्ष | बुद्धभूमी न.पा. २ | |
| ५ | श्री गोविन्द प्रसाद आचार्य | वडा अध्यक्ष | बुद्धभूमी न.पा. ३ | |
| ६ | श्री पवन कुमार थारू | वडा अध्यक्ष | बुद्धभूमी न.पा. ४ | |
| ७ | श्री वेचन प्रसाद यादव | वडा अध्यक्ष | बुद्धभूमी न.पा. ५ | |
| ८ | श्री नन्दलाल यादव | वडा अध्यक्ष | बुद्धभूमी न.पा. ६ | |
| ९ | श्री राजेश्वर सिंह | वडा अध्यक्ष | बुद्धभूमी न.पा. ७ | |
| १० | श्री कपिलदेव तिवारी | वडा अध्यक्ष | बुद्धभूमी न.पा. ८ | |
| ११ | श्री खुमानन्द न्यौपाने | वडा अध्यक्ष | बुद्धभूमी न.पा. ९ | |
| १२ | श्री त्रिलोकी खरविन्द | वडा अध्यक्ष | बुद्धभूमी न.पा. १० | |
| १३ | श्री कमला चौधरी | महिला सदस्य | बुद्धभूमी न.पा. १ | |
| १४ | श्री खिमकला पाण्डे | महिला सदस्य | बुद्धभूमी न.पा. ४ | |
| १५ | श्री प्रभावती लोहार | महिला सदस्य | बुद्धभूमी न.पा. ७ | |
| १६ | श्री विमला देवी कुर्मी | महिला सदस्य | बुद्धभूमी न.पा. ८ | |
| १७ | श्री सरस्वती कुँवर | महिला सदस्य | बुद्धभूमी न.पा. ५ | |
| १८ | श्री फागु प्रसाद धोवी | दलित वा अल्पसंख्यक स. | बुद्धभूमी न.पा. ५ | |
| १९ | श्री राम मनोरथ लोहार | दलित वा अल्पसंख्यक स. | बुद्धभूमी न.पा. ६ | |
| २० | श्री रामदेव पासी | दलित वा अल्पसंख्यक स. | बुद्धभूमी न.पा. २ | |
| २१ | श्री मेघनाथ पाध्या | सदस्य-सचिव | बुद्धभूमी न.पा. | |

## अन्य उपस्थिति

| | | | | |
|---|---|---|---|---|
| २२. | केशवराज भट्टराई | शाखा अधिकृत | बु.भू.न.पा. | |
| २३. | हिमलाल विश्वकर्मा | शाखा अधिकृत | बुद्धभूमि नगरपालिका | |
| २४. | [illegible] | [illegible] | [illegible] | |

Scanned by CamScanner

## २०७५ श्रावण २७ गतेको कार्यपालिकाको निर्णयहरु:-

१. गरिब घरपरिवार परिचय पत्र वितरण सम्बन्धमा ।

निर्णय: साविक कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालयबाट जारी गरिएको गरिब, घरपरिवार परिचय पत्र यस बुद्धभूमी नगरपालिकाको वडा तहमा वितरण गर्नको लागि आवश्यक सामाग्रीहरु हस्तान्तरण भई कार्यालयमा प्राप्त भइ सकेको हुँदा उक्त परिचय पत्र व्यवस्थित तवरले वितरण गर्नको लागि समिति गठन गर्नु पर्ने प्रावधान भए बमोजिम निम्नानुसारको समिति गठन गरी तपसिलको कार्यतालिका बमोजिम वडा तहमा परिचय पत्र वितरण कार्य गर्ने निर्णय गरियो ।

**बुद्धभूमी नगरपालिका अन्तर्गत गरिब घरपरिवार परिचयपत्र वितरण समिति**

| | | |
|---|---|---|
| अध्यक्ष | नगर प्रमुख | श्री केशवकुमार श्रेष्ठ |
| सदस्य | वडा अध्यक्ष | सम्बन्धीत वडा |
| सदस्य सचिव | प्रमुख प्रशासकिय अधिकृत | नगर कार्यपालिकाको कार्यालय |

**गरिब घरपरिवार परिचयपत्र वितरण सम्बन्धी कार्यतालिका**

| मिति | वडा नं. | परिचयपत्र वितरण हुने स्थान | कैफियत |
|---|---|---|---|
| भाद्र ११, १२, १३ गते | १० | वडा कार्यालय | |
| भाद्र १४, १५ गते | ६ | वडा कार्यालय | |
| भाद्र १९, २० गते | ७ | वडा कार्यालय | |
| भाद्र २१, २२ गते | ८ | वडा कार्यालय | |
| भाद्र २४, २५ गते | ९ | वडा कार्यालय | |
| भाद्र २६ गते | २ | वडा कार्यालय | |
| भाद्र २८ गते | १ | वडा कार्यालय | |
| असोज १, २ गते | ४ | वडा कार्यालय | |
| असोज ४, ५ गते | ३ | वडा कार्यालय | |
| असोज ७, ८ गते | ५ | वडा कार्यालय | |

२. सम्पत्ति विवरण सम्बन्धमा ।

निर्णय: भ्रष्टाचार निवारण ऐन २०५९ को दफा ५० मा प्रत्येक सार्वजनिक पदधारण गरेको व्यक्तिले पद धारण गरेको मितिले ६० दिन भित्र र त्यस पछि हरेक आर्थिक बर्ष समाप्त भएको मितिले ६० दिन भित्र आफ्नो र आफ्नो परिवारको नाममा रहेको चल अचल सम्पत्तिको श्रोत विवरण प्रचलित कानूनले तोकेको ढाँचामा सम्बन्धित स्थानीय तहमा पेश गर्नुपर्ने प्रावधान बमोजिम यस नगरपालिकाका सम्पूर्ण जनप्रतिनिधी ज्यू हरुले अनिवार्य रुपमा पठाएको फारामको ढाँचामा सम्पत्ति विवरण भरी खामबन्दी गरी यहि २०७५ साल भाद्र २० गते भित्र नगर कार्यपालिका कार्यालयमा आइपुग्ने गरी पठाउन सबै जनप्रतिनिधि ज्यूहरुलाई जानकारी गराउने निर्णय गरियो ।

३. ठेक्का नलागेका ताल सम्बन्धमा ।

निर्णय: मिति: २०७५।४।२४ गतेका दिन नगरप्रमुख ज्यूको अध्यक्षतामा बसेको ठेक्का लगाएका तालहरुका ठेकेदार समेतको बैठकमा भएका छलफलहरुको सम्बन्धमा जानकारी भयो साथै यस बुद्धभूमी नगरपालिका भित्र बिभिन्न स्थानहरुमा समुदाय स्वयंले ठेक्का व्यवस्थापन गरी ठेकामा लगाएको भन्ने बुझिएको र स्थानीय सरकार संचालन ऐन २०७४ अनुसार त्यस्था सार्वजनिक स्थान, ताल तलैयाहरुको व्यवस्थापन स्थानीय तहहरुले गर्ने व्यवस्था भएकोले सो अनुसार त्यस्था तालहरुसंग सम्बन्धीत सरोकारवालाहरुसंग छलफल गर्ने । सोही सन्दर्भमा वडा नं.९ मा यही भदौ ४ गतेका दिन स्थलगत भेला गरी सरोकारवालाहरुसंग छलफल गर्नको लागि वडा अध्यक्ष श्री खुमानन्द न्यौपाने ज्यूलाई सम्पूर्ण व्यवस्थापनको जिम्मेवारी दिने निर्णय गरियो ।

प्रमुख प्रशासकीय अधिकृत (सदस्य सचिव)

केशव कुमार श्रेष्ठ नगर प्रमुख

Scanned by CamScanner

- वडा नं.१० स्थित करीव १५ विगाहामा फैलिएको नौखुनिया ताल बार्षिक रु. १ लाख न्यूनतम अंक राखि शिलबन्दी दरभाउपत्रद्वारा ५ बर्षको लागि ठेक्का लगाउने निर्णय गरियो।

४. पुरानो घर नक्सा सम्बन्धमा।

- निर्णय: ब्यापक प्रचार प्रसार र जनताहरुलाई सु-सूचित गराउन नसकिएकोले मापदन्ड अनुसार ३५ दिनभित्र अभिलेखिकरण गरिसक्नुपर्ने प्रावधानलाई थप गरि नगर कार्यपालिकाको निर्णयबाट २०७५ जेष्ठ मसान्त सम्म गरिंदै आएकोले घरनक्सा अभिलेखिंकरण कार्यलाई निरन्तरता दिंदै २०७५ भाद्र १ गते देखि २०७६ वैशाख मसान्त सम्म अभिलेखिकरण कार्य गर्ने र सो पश्चात प्रक्रियामा आउने सबै घरनक्साहरु लाई प्रति बर्ग मि. रु.१०।- का दरले अतिरिक्त जरिवाना लिने व्यवस्था मिलाउने निर्णय गरियो। अन्य नयाँ बन्ने घरको हकमा हालसम्म नक्सा २०७५ श्रावण २७ सम्म बनेका घरहरुलाई अभिलेखिकरणको प्रक्रियाबाट गर्ने र सो पश्चात बन्ने घरहरु बुद्धभूमी नगरपालिकाले जारी गरेको भवन निर्माण मापदन्ड २०७४ बमोजिम लागु गर्ने निर्णय गरियो।
- नापि नक्सामा बाटोको चौडाई साना र फिल्डमा बाटोको चौडाई ठूला र नापी नक्सामा बाटो नदेखिएका तर फिल्डमा चलन चल्तीमा रहेको बाटो भएको अबस्थामा नगरपालिकाबाट अमिन खटाई फिल्डमा देखिएको बाटोलाई हेरी अमिनको प्रतिवेदन र सम्बन्धीत वडाको सिफारिसका आधारमा घर नक्सा पास प्रक्रिया अगाडी बढाउने र यसरी प्रकासित सूचनाका लाग्ने दस्तुर समेत सम्बन्धीत सेवाग्राहीले बुझाउनु पर्ने निर्णय गरियो।
- सम्पत्ति करको लागि (घरधनी) करदाताले आफ्नो सम्पत्तिको स्वघोषणा गर्ने भन्ने निर्णय यस अधिका बैठकबाट भएता पनि अस्वभाबिक मूल्यांकन समेत हुने गरेको पाईएकोले तपसिल अनुसार न्यूनतम र अधिकतम नहुने गरि करदाताले घर वा संरचनाको मूल्यको स्वघोषणा गर्न पाउने गरि निर्णय गरियो।

**तपसिल**

| क्र.सं. | घरको किसिम ४५४५ | भूई तलाको | | भूईतला बाहेक माथिका सबै | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | न्यूनतम मूल्य (बर्ग मी.) | अधिकतम मूल्य (बर्ग मी.) | न्यूनतम मूल्य (बर्ग मी.) | अधिकतम मूल्य (बर्ग मी.) | |
| १ | मापदन्ड अनुसार बनेको | २०००० | २५००० | १८००० | २३००० | |
| २ | मापदण्ड लागु हुनु पूर्व बनेको | | | | | |
| २.१ | भूई ढलान नभई तथा प्लास्टर नभएको | १०००० | १३००० | ८००० | ११००० | |
| २.२ | भूई ढलान भई कलर गरेको | १४००० | १६००० | १२००० | १४००० | |
| २.३ | मार्वल तथा अन्य सजाबट | १७००० | १९००० | १५००० | १७००० | |
| ३ | पिलर नभएको घर | ८००० | १०००० | ६००० | ८००० | |
| ४ | खरले छाएको | ० | ० | ० | ० | |
| नोट: प्रत्येक बर्ष २.५% का दरले मूल्य ह्रास कट्टी हुनेछ। | | | | | | |

५. सामाजिक परिचालक/ज्यालादारी कर्मचारी / करार कर्मचारीहरूको सम्बन्धमा।

निर्णय: यस नगरपालिका अन्तर्गत प्रत्येक वडामा कार्यरत सामाजिक परिचालकहरुको हकमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय अन्तगत स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम मार्फत सेवा सुविधा खाइपाइ आएकोमा २०७५ श्रावण १ गते देखि मन्त्रालयको कुनै दायित्व नरहने आशयको परिपत्र प्राप्त भएको तर कर्मचारी व्यवस्थापन गर्नको लागि स्थानीय स्रोतबाट व्यवस्थापन गर्न सकिने भएकोले रु. १२०००।- मासिक परिश्रमिकमा नबढने गरी मासिक ज्यालादारीमा २०७५ श्रावण १ गते देखि लागू हुने गरी २०७५ पौष मसान्त सम्म वडा कार्यालयमा रही कामकाज गर्नको लागि निरन्तरता दिने साथै न.पा. र अन्तर्गतका शाखा तथा

प्रमुख प्रशासकीय अधिकृत

Scanned by CamScanner

कार्यालयहरूमा साविकमा करार वा ज्यालादारीमा कार्यरत कर्मचारीहरुको लागि अर्को व्यवस्था नभए सम्मको लागि निरन्तरता दिने निर्णय गरियो ।

६. बाल दिवस सम्बन्धमा ।

निर्णय: बि.सं.२०६३ देखि प्रत्येक बर्ष भाद्र २९ गतेका दिन मनाउँदै आईरहेको राष्ट्रिय बाल दिवस यस बर्ष पनि नगरस्तरीय बाल दिवस यस न.पा. वडा नं. २, गोरुसिंगे थारु कल्याणकारीको सभा हलमा भव्यताका साथ मनाउँनको लागि सम्पूर्ण मा.वि. का छात्र/छात्राहरुको वडा स्तरीय कार्यक्रम गराउनको लागि मा.वि. लाई जानकारी गराउने साथै उक्त कार्यक्रमको सम्पूर्ण व्यवस्थापनको लागि वडा अध्यक्ष श्री भेषराज खनाल ज्यूको संयोजत्वमा सात सदस्यीय तयारी समिति गठन गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

| | | |
|---|---|---|
| संयोजक | श्री भेषराज खनाल | वडा अध्यक्ष |
| सदस्य | श्री इश्वरी प्रसाद खनाल | वडा सदस्य |
| सदस्य | श्री भग्गन थारू | वडा सदस्य |
| सदस्य | श्री फुलमाया थारू | वडा सदस्य |
| सदस्य | श्री विन्दु दर्जी | वडा सदस्य |
| सदस्य | श्री खेमराज पौडेल | स्रोत व्यक्ति |
| सदस्य सचिव | श्री नुमराज भुसाल | वडा सचिव |

७. हराएको मोटरसाइकलको सम्बन्धमा ।

निर्णय: यस नगरपालिका वडा नं. १० साविक धनकौली गा.वि.स. को नाममा रहेको लु १ ब ८८३ को Honda Shine SP मोटरसाईकल मिति २०७४।११।२६ गते राति ९:०० बजे हराएको भनि वडा कार्यालयबाट जानकारी प्राप्त भए बमोजिम विभिन्न सुत्रबाट अनुसन्धान गर्दा समेत कुनै थाहा नलागेकोले कार्यपालिका सदस्य श्री रामदेव पासीको संयोजकत्वमा गठित ३ सदस्यीय छानविन समितिको प्राप्त राय प्रतिवेदन अध्ययन हुँदा उक्त हराएको मोटरसाइकलको जिल्ला प्रहरी कार्यालय तौलिहवाबाट प्रहरी प्रतिवेदन प्राप्त भए पश्चात पुन छलफल गरी निष्कर्षमा जाने निर्णय गरियो ।

८. मन्त्रालयबाट स्वीकृत दरवन्दी सम्बन्धमा ।

निर्णय: संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट प्राप्त अस्थायी स्वीकृत दरबन्दीको बारेमा कार्यपालिकामा जानकारी भएको र हाललाई सोही दरबन्दी अनुसार नै रहने गरि निर्णय गरियो ।

९. ने.रा. मा.वि. रनगाईको विषय थप अनुमति सम्बन्धमा ।

निर्णय: ने.रा. मा.वि. रनगाईबाट कक्षा ११ मा जनसंख्या विषय अध्यापन गराउनको लागि विद्यालय व्यवस्थापन समितिको बैठकबाट निर्णय गरी अनुमति माग भै आएकोले उक्त जनसंख्या बिषय पठन पाठनको लागि अनुमती दिने निर्णय गरियो ।

१०. विविध ।

- आन्तरीक लेखा परिक्षण सम्बन्धमा:

निर्णय : यस बुद्धभूमी नगरपालिकाको आ.व.०७४।७५ को आम्दानी, खर्च लगाएत आर्थिक कारोवारको आन्तरीक लेखा परीक्षण कोष तथा लेखा नियन्त्रक कार्यालय कपिलवस्तुबाट गराउने र सो को लागि को.ले.नि.का. कपिलवस्तुलाई अनुरोध गर्ने निर्णय गरियो ।

प्रमुख प्रशासकीय अधिकृत (उप सचिव)

Scanned by CamScanner

- आर्थिक सहयोग सम्बन्धमा ।

निम्नानुसारको व्यक्ति/संस्थाहरुलाई तपसिल बमोजिमको आर्थिक सहयोग उपलब्ध गराउने निर्णय गरियो

तपसिल

| क्र.सं. | नाम | ठेगाना | सहयोग माग गरेको कारण | सहयोग रकम (रु.) | सहयोगको स्रोत |
|---|---|---|---|---|---|
| १ | झबिन्द्र दमाईको छोरा रामचन्द्र दमाई | वडा नं. १ | कलेजोकोमा समस्या भई उपचार गराईरहेको आर्थिक अवस्था न्यून रहेको। | २०००।- | (दुई हजार मात्र) आर्थिक सहायत शिर्षकबाट |
| २ | सोमई रैदास | वडा नं.८ पचिगवा | छोरा राजेस रैदास रुखबाट लडी मेरुदन्डमा चोटलागेको र आर्थिक अवस्था न्यून रहेको | ५०००।- | पाँच हजार मात्र) आर्थिक सहायता शिर्षकबाट |
| ३ | रामप्रसाद अहिरको छोरा राधेश्याम अहिर | वडा नं.७ मौजा ताकिहवा | घरपरिवारको स्वास्थ्य अवस्था नाजुक र आर्थिक अवस्था न्यून रहेको | २०००।- | (दुई हजार मात्र) आर्थिक सहायता शिर्षकबाट |
| ४ | साकमान कामीको छोरा नरबहादुर कामी | वडा नं.४ चमरगुनिया | विभिन्न रोग लागेको र | २०००।- | (दुई हजार मात्र) आर्थिक सहायता शिर्षकबाट |
| ५ | हिमालय स्पोर्टस क्लब | वडा नं.९ | खेलकुँद संचालन | १०,०००।- | (दश हजार मात्र) सम्बन्धित वडा स्तरीय खेलकुद बजेट शीर्षकबाट भुक्तानी हुने गरी |
| ६ | ईन्द्रेणी स्पोर्टस क्लब | वडा न.९ | खेलकुँद संचालन | १०,०००।- | (दश हजार मात्र) नगरस्तरीय खेलकुद शीर्षकबाट भुक्तानी हुने गरी |
| ७ | औतारे अहिर | वडा नं.४ | गोठमा आगलागी हुँदा गाईभैसी जलेको ले विपद व्यवस्थापन शिर्षकबाट | ५०००।- | (पाँच हजार) विपद् व्यस्थापन शिर्षकबाट |
| ८ | धनबहादुर पुन र परिवार समेत | वडा नं.३, बोक्टापुर | सबै परिवार मानसिक रोगबाट ग्रस्त | १५,०००।- | (पन्ध्र हजार) आर्थिक सहायता शिर्षकबाट |

- नदीजन्य पदार्थको चोरी निकासी सम्बन्धी जरिवाना सम्बन्धमा :

**निर्णय:** यस नगरपालिका भित्रका खोलाहरुबाट निशेध गरिएको समयमा लुकी चोरी नदीजन्य पदार्थहरु निकाल्ने गरेको पाईएकोमा त्यस्ता ब्यक्ति/संस्थाहरुलाई जिल्ला समन्वय समितिले लगाउँदै आएकै आधारमा निम्नानुसारको जरिवाना लगाउने र त्यस्ता साधनहरु समात्न पहलगर्ने निकायलाई जरिवाना वापत लिएको २५% रकम प्रोत्साहन स्वरुप तत्काल उपलब्ध गराउने निर्णय गरियो।

| सि.नं. | विवरण | जरिवाना रु. | कैफियत |
|---|---|---|---|
| १ | ० देखि १५० क्यू. फि. सम्म | १०,०००।- (दश हजार) | |
| २ | १५१ देखि ३०० क्यू.फि.सम्म | १५,०००।- (पन्ध्र हजार) | |
| ३ | ३०० क्यू.फि.भन्दा माथी | २५,०००।- (पच्चीस हजार) | |
| ४ | हेवी मेशिनरी: लोडर, डोजर, एक्साभेटर लगायत उपकरणहरुलाई | ५०,०००- (पचास हजार) | |

मधुनाथ पाध्या
प्रमुख प्रशासकीय अधिकृत
(उप सचिव)

कैलाश बहादुर क्षेत्री
नगर प्रमुख

Scanned by CamScanner

- ल्याव संचालन सम्बन्धमा:

निर्णय: यस नगरपालिकाको निर्णय अनुसार गोरुसिंगे स्वास्थ्य चौकीमा ल्याव संचालन गर्ने भन्ने निर्णय गरेको तर सो स्वास्थ्य चौकीमा प्रयाप्त संरचना नभएको र ल्याव संचालन गर्न समेत अप्ठ्यारो पर्ने भएको भनी सम्बन्धीत स्वास्थ्य चौकीबाट जानकारी प्राप्त भए बमोजिम ईमिलिया स्वास्थ्य् चौकीमा प्रयोगशाला संचालन गर्न स्वास्थ्य चौकी व्यवस्थापनको निर्णय र वडा कार्यालयको सिफारिस समेत प्राप्त भएकोले हाललाई वडा नं. ९ ईमिलिया स्वास्थ्य चौकीमा ल्याव संचालन गर्ने निर्णय गरियो।

- पदाधिकारीको उपचार खर्च सम्बन्धमा:

निर्णय: यस नगर कार्यपालिकाका सदस्य श्री कमला चौधरी बिरामी भई हस्पिटलमा उपचार गर्दा लागेको खर्च पाउँ भनी निवेदन प्राप्त भएकोले पदाधिकारी औषधी उपचार खर्चबाट बिल अनुसारको रकम उपलब्ध गराउने निर्णय गरियो।

- परिपत्र जानकारी सम्बन्धमा:

निर्णय: संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालय (संघिय मामिला शाखा) को वडा समिति वा वडा अध्यक्षबाट हुने अधिकार प्रत्यायोजन सम्बन्धमा च.नं.१५ मिति:२०७५।०४।१५ अनुसार को परिपत्रको सम्बन्धमा जानकारी भएको र सो अनुसार वडा कार्यालयहरुलाई परिपत्र गर्ने निर्णय गरियो।

११. पूर्ण भर्ना घोषणा निरन्तरता सम्बन्धमा।

निर्णय: यस नगरपालिकालाई शैक्षिक सत्र २०७४ मा आधारभूत तह ४-१२ उमेर समूहका बालबालिकाहरूलाई पूर्ण भर्ना घोषणा गरि सकिएको र उक्त पूर्ण भर्ना कार्यक्रम नेपाल सरकारको निर्देशन अनुरूप वडा स्तरीय सिमित गठन गरी विद्यालयको सेवाक्षेत्र भित्र रहेका सबै बालबालिकाहरूलाई भर्ना गराइएको अभिलेख अनुसार नगरस्तरमा पूर्ण भर्ना घोषणा कार्यक्रम निरन्तर कार्यान्वयन भएको निर्णय गरियो।

मेघनाथ पाध्या
प्रमुख प्रशासकीय अधिकृत
(उप सचिव)

नगर प्रमुख

Scanned by CamScanner